कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

मितिः २०८१/०९/०४

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८१ साल पौष ०४ गते बिहीवारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा पाँचौ गाउँकार्यपालिकाको कार्यपालिका बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री वाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

अमल श्रेष्ठ

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री अमुल श्रेष्ठ | सदस्य-सचिव (प्र.प्र.अ.) | |

प्रस्तावहरु:

१. डाँडाखर्क स्वास्थ्य चौकीको जग्गा प्राप्ति सम्बन्धमा,

२. नामटार स्वास्थ्य चौकी भवनको लागि रकम छुट्याउने सम्बन्धमा,

३. मन्याङकोट वेतिनी हुँदै दुवोखोलासम्म सडक योजना (सडकबोर्ड) साझेदारी सम्बन्धमा,

४. विविध।

लोक बहादुर [illegible]
अध्यक्ष

अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु:

१.कैलाश गाउँपालिका वडा नं.१, वरभञ्ज्याङ्ग स्थित डाँडाखर्क स्वास्थ्य चौकी रहेको जग्गामा विगत देखिनै स्वास्थ्य चौकी सञ्चालन हुदै आएको र स्वास्थ्य चौकीको लागि आवश्यक पर्ने संरचनाहरु समेत बनिसकेको सन्दर्भमा सो जग्गा व्यक्तिगत रहेको हुँदा हाल सूर्य बहादुर मुक्तान समेतको संयुक्त हकहिस्सामा रहेको कित्ता नं ३३८, ८-४-१-३ क्षेत्रफलको जग्गा मध्ये स्वास्थ्य चौकीले चर्चेको जग्गा (करिब २ रोपनी) स्वास्थ्य चौकीको नाममा खरिद गर्नुपर्ने भएकोले जग्गा खरिद गर्न आवश्यक प्रकृया अगाडि बढाउने सर्वसम्मतले निर्णय गरियो।

२. आ.व. २०८१/०८२ मा सञ्चालनमा रहेको नामटार स्वास्थ्य चौकी भवन निर्माण (कैलाश-०९), नामटार (ठेक्का नं. KRM/CNHP/BN-012/2078/79) को कार्य अन्तिम चरणमा पुगेकोमा अपुग रकम रु. १२,००,०००/- (अक्षरुपि बार्ह लाख रुपैंया मात्र) गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यवस्था गर्ने सर्वसम्मतले निर्णय गरियो।

३. सडक बोर्ड नेपालको प.सं. २०८१-०८२ च.नं. ४३९ मिति २०८१/०६/१३ को पत्रानुसार यस गाउँपालिकालाई यसै आ.व. २०८१/८२ को लागि स्थानीय सडक मर्मत संभार कार्यको लागि साझेदारी योजना अन्तर्गत मर्याङ्कोट बेतिनी हुँदै दुबोखोलासम्म सडक योजना, कैलाश -१० को लागि सडकबोर्डले ७०% (१५,००,०००/-), पालिकाले २०% (४,३०,०००/-) र स्थानीय समुदायबाट जनश्रमदा १०% (२,१५,०००/-) छुट्याउनुपर्ने भएकोले पालिकको उक्त रकम आन्तरिक श्रोतबाट विनियोजन गर्ने सर्वसम्मतले निर्णय गरियो।

४. विविध:

(क) कैलाश गाउँपालिकाको वडा नं. १ मा अवस्थित श्री डाँडाखर्क आधारभूत विद्यालयको भवनको बीचमा partition wall तथा गेट निर्माणको लागि प्रविधिक ईष्टिमेट बमोजिम भैपरी आउने पूँजिगत खर्चबाट रकम रु. २,५०,०००/- (अक्षरुपि दुई लाख पचास हजार रुपैंया मात्र) विनियोजन गर्ने सर्वसम्मतले निर्णय गरियो।

अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर प्रधान
अध्यक्ष

(ख) यस शैक्षिक सत्र २०८१ को लागि श्री व्यास मा.वि. कैलाश-६, पकनी का कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई पश्चिम नेपालका धर्मिक, पर्यटकीय एवं ऐतिहासिक स्थानहरुमा शैक्षिक भ्रमण लैजानका लागि यस गाउँपालिकामा रकम माग भएकोले उक्त क्रियाकलापको लागि भैपरि आउने चालु खर्चबाट रकम रु. ५०,०००/- (अक्षरुपि पचास हजार रुपैंया मात्र) विनियोजन गर्ने सर्वसम्मतले निर्णय गरियो।

(ग) यस पालिकाको प्रविधिक पद (अ.न.मी.)को लागि सेवा करारमा जनशक्ति आपूर्तिको लागि मिति २०८१/०५/२७, २०८१/०७/११ र २०८१/०८/०५ मा ३ पटक विज्ञापन गरि माग संख्या -३ का लागि मिति २०८१/०९/०३ गते परीक्षा संचालन गरि उक्त ३ जना छनौट गरिएको अवस्थामा मिति २०८१/०८/०९ मा डाँडाखर्क स्वास्थ चौकीका अ.न.मी. श्री कञ्चन यादब ले राजिनामा दिई सो पद रिक्त भएको हुनाले कर्मचारी व्यवस्थापनलाई छिटो छरितो र मितव्यायी ढंगले सम्पादन गर्न उक्त विज्ञापनको वैकल्पिक उम्मेदवार हुनुभएका श्री रिंकु कुमारी यादब (सखुवानन्कारकट्टी-३, सिराहा) लाई सिफारिस साथ नियुक्ति दिने सर्वसम्मतले निर्णय गरियो।

(घ) मिति २०७९/०३/२२ गतेको दशौं गाउँसभाको दोश्रो अधिवेशनको प्रस्ताव नं १९ अनुसार यस गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा कर्मचारीहरुको दरवन्दी निर्धारण गरी O & M को अन्तिम प्रतिवेदन सभाबाट पारित भएको र उक्त प्रतिबेदन बमोजिमको दरवन्दी तेरिज अनुसार कायम भएको पद, सहायक कम्प्युटर अपरेटर (तह-४, विविध सेवा) को यस कार्यलयलाई आवश्यकता भएकोले उक्त पदको लागि विज्ञापन गरि खुला प्रतिस्पर्धाको प्रक्रिया बमोजिम नियुक्ति गर्ने सर्वसम्मतले निर्णय गरियो।

(ङ) कैलाश गाउँपालिका र RRN (Rural Reconstruction Nepal) बीच देहायका आयोजनाहरु साझेदारीमा गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

i) वडा नं ७, देखारी खानेपानी आयोजना

ii) वडा नं ४, बुकुटे खानेपानी आयोजना

iii) वडा नं २, अल्छे घडेरी खानेपानी आयोजना

अमुर्ल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर भुसाल
अध्यक्ष

iv) वडा नं १०, कोसीराङ्ग घट्टेचौर खानेपानी आयोजना

v) वडा नं ३, झाँतिटार खानेपानी आयोजना

(च) नमूना वडा समाजवादी कार्यक्रम (खानेपानी तथा सरसफाई) वडा नं ७ को वडा कार्यालय ताम्लाङ्ग, डोकोटार, बाँसताल, क्यारनेम कोथलिटारमा RRN को प्राविधिक सहयोगमा सञ्चालन गर्ने सर्वसम्मतले निर्णय गरियो।

(छ) बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वियनमा रहेको रहेको नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS-PII) परियोजनाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पूर्व सिकाईको मान्यता विधि (RPL) बाट सीप परीक्षणको लागि लागत साझेदारी गर्न रकम रु. १,००,०००/- (अक्षरुपि एक लाख मात्र) भैपरि आउने चालु शीर्षकबाट बजेट विनियोजन गर्ने सर्वसम्मतले निर्णय गरियो।

(ज) यस पालिका अन्तर्गत पर्ने श्री सरस्वती प्रा.वि. डोकोटार, कैलाश-७ मा बालबिकास र कक्षा १ को कोठा व्यावस्थापन गर्नुपर्ने भनि माग आएको हुनाले सो को लागि प्राविधिक ईष्टिमेट सहितको निवेदन भएको हुनाले रकम रु. ३०,५००/- (अक्षरुपि तीस हजार पाँच सय रुपैंया मात्र) भैपरी आउने पूँजिगत शीर्षकबाट विनियोजन गर्ने सर्वसम्मतले निर्णय गरियो।

अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष